# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रशासन निर्देशनालय

जनसाधन विभाग

कर्मचारी प्रशासन महाशाखा

पत्र संख्या २०७६/०७७ के.क.प्र.शा.,च.नं. १२२९

मितिः २०७६/०७/२०

निर्देशक, श्री रामजी भण्डारी, योजना तथा प्राविधिक सेवा विभाग
नि.निर्देशक, श्री विश्वनाथ शर्मा सामान्य सेवा विभाग
महाशाखा प्रमुख, श्री शिव प्रसाद आचार्य, प्रशासन महाशाखा, वितरण तथा ग्राहक सेवा निर्देशनालय,
प्रशासकीय अधिकृत, श्री रामकृष्ण के.सी., केन्द्रीय कर्मचारी प्रशासन शाखा,
प्रतिनिधि, आधिकारीक ट्रेड युनियन ने.वि.प्रा. राष्ट्रिय कर्मचारी युनियन,
नेपाल विद्युत प्राधिकरण।

**विषयः वार्ता कार्यान्वयन अध्ययन समिति गठन गरिएको सम्बन्धमा।**

नेपाल विद्युत प्राधिकरण, आधिकारीक ट्रेड युनियनले मिति २०७६/०१/३१ मा पेश गरेका मागहरुका सम्वन्धमा व्यवस्थापनको तर्फबाट वार्ता गरि सुझाव पेश गर्न गठित वार्ता समिति र आधिकारिक ट्रेड युनियनका प्रतिनिधिहरु बीच मिति २०७६/०४/३० मा भएको सहमतीको (यसैसाथ संलग्न) अनुसूची-५ मा उल्लेख भएका बुँदाहरुको सम्वन्धमा विस्तृत अध्ययन गरी राय सिफारिस सहितको प्रतिवेदन पेश गर्न मिति २०७६/०७/१७ को (कार्यकारी निर्देशक स्तरीय) निर्णयानुसार तपशिलमा उल्लेखित सदस्य रहने गरि वार्ता कार्यान्वयन अध्ययन समिति गठन गरिएको ब्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

तपशिलः

| | |
|---|---|
| निर्देशक सामान्य सेवा विभाग | संयोजक |
| निर्देशक (प्राविधिक), योजना तथा प्रविधिक सेवा विभाग | सदस्य |
| प्रशासन प्रमुख वितरण तथा ग्राहक सेवा निर्देशनालय | सदस्य |
| प्रतिनिधि, आधिकारिक ट्रेड युनियन | सदस्य |
| प्रशासकीय अधिकृत, केन्द्रिय कर्मचारी प्रशासन शाखा | सदस्य-सचिव |

२०७६/०७/२०
(जमुना कुमारी खड्का)
नि.महाशाखा प्रमुख

बोधार्थः
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।
श्री योजना तथा प्राविधिक सेवा विभाग।
श्री सामान्य सेवा विभाग।
श्री आधिकारीक ट्रेड युनियन ने.वि.प्रा. राष्ट्रिय कर्मचारी युनियनः *१(एक)जना प्रतिनिधि पठाई दिनु हुन।*

## अनुसूची - ४

### आधिकारिक ट्रेड युनियनको प्रतिनिधि सहित खरिद अध्ययन समिति गठन

| सि.नं. | ट्रेड युनियनबाट प्रस्तुत मागहरु | व्यवस्थापन र आधिकारिक ट्रेड युनियन विच भएको सहमती |
|---|---|---|
| ४. | उपलब्ध साधन श्रोतको उचित व्यवस्थापन गर्नुका साथै माग र आवश्यकता वमोजिम मिटर, ट्रान्सफरमर लगायतका विद्युतीय सामग्री समयमै उपलब्ध गराउने व्यवस्था गरियोस । | सामान खरीदलाई पारदर्शिरुपमा छिटो छरितो विधिबाट खरीद गर्न नेपालभरका कार्यालयको लागि दररेट निर्धारण गरी एक रुपता कायम गर्ने सम्बन्धमा कार्य भईरहेको र तदारुकता साथ यस कार्यलाई अझ प्रभावकारी बनाउन सबै निर्देशनालयको प्रतिनीधित्व रहने गरि एक महिना भित्र एक समिति गठन गर्ने । |

## अनुसूची - ५

### आधिकारिक ट्रेड युनियनको प्रतिनिधि सहित समिति गठन

| सि.नं. | ट्रेड युनियनबाट प्रस्तुत मागहरु | व्यवस्थापन र आधिकारिक ट्रेड युनियन विच भएको सहमती |
|---|---|---|
| १३. | प्राधिकरणको स्वामित्वमा भएका जग्गाहरुको अतिक्रमण तुरुन्त रोकियोस । प्रयोगमा नआई खाली रहेका जग्गाहरुमा फलफुल/तरकारी वा अन्य रुखहरु रोपी संरक्षण गरियोस । साथै व्यापारिक प्रयोजनमा आउन सक्ने स्थानका जग्गाहरुको पहिचान गरी त्यस्ता जग्गाहरुमा व्यवसायिक मलहरु/सटरहरु बनाई थप आर्थिक आय आर्जन गर्ने व्यवस्था गरियोस । | नेपाल विद्युत प्राधिकरणलाई भविष्यमा समेत उपयोगी हुन सक्ने वा प्रयोगमा आउन सक्ने प्राधिकरणको स्वामित्व तथा भोगाधिकार रहेका जग्गाहरु अतिक्रमण रोक्न र समुचित प्रयोगको लागि एक महिना भित्र एक उच्च स्तरिय समिति गठन गर्ने । (बुँदा नं. १३ र १४ को सन्दर्भमा) |
| १४. | नेपाल सरकारले प्राधिकरणलाई प्रदान गरेका तथा ने.वि.प्रा. ले खरिद गरेका जग्गाहरु नेपाल सरकारको १० बर्ष भित्र १५००० मे.वा. विद्युत उत्पादन गर्ने लक्ष्य पुरा गर्नको लागी निकट भविष्यमा अत्यावश्यक पर्ने भएकोले उक्त जग्गाहरु ने.वि.प्रा. कै स्वामित्वमा रहने व्यवस्था गरियोस । | बुँदा नं. १३ मा उल्लेख भएको |
| १८. | ने.वि.प्रा. का प्रशारण तथा वितरण लाईनहरुमा अप्टिकल फाईबर जडान गरि भाडामा लगाउने व्यबस्था गरियोस । | ने.वि.प्रा.का प्रशारण लाईनहरुमा अप्टिकल फाईबर जडान गरि भाडामा लगाउने कार्य भै रहेको र वितरण लाइनहरुमा समेत अप्टिकल फाईबर जडान गरि भाडामा लगाउने कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउने । |
| ३८. | हाल कार्यरत ज्यालादारी कर्मचारीहरुको तथ्याङ्क अद्यावधिक गरि, ज्यालादारी कर्मचारीहरुको रोजगारीको ग्यारेन्टी गर्दै विद्यमान श्रम ऐन र सामाजिक सुरक्षा ऐनमा भएको व्यबस्था अनुसार सेवा सुविधा उपलब्ध | हाल ज्यालादारीमा रहेका व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक गरि त्यस्त ज्यालादारीहरुलाई विद्यमान श्रम ऐन र सामाजिक सुरक्षा ऐनमा भएको व्यवस्थ अनुसार सेवा सुविधा उपलब्ध गराउने सम्वन्धमा आधिकारिक ट्रेड युनियनक |

| सि.नं. | ट्रेड युनियनबाट प्रस्तुत मागहरु | व्यवस्थापन र आधिकारिक ट्रेड युनियन विच भएको सहमती |
|---|---|---|
| | गराईयोस साथै अबका दिनमा जथाभावी ज्यालादारी कर्मचारी नियुक्त गर्ने व्यबस्थाको अन्त्य गरियोस । | प्रतिनिधि समेतको सहभागितामा ३ महिना भित्रमा ज्यालादारी यकिन गरी तत्पश्चात आवश्यक मापदण्ड तयार गर्ने । |
| ३९. | नेपाल विद्युत प्राधिकरणको विद्यमान कर्मचारी सेवा विनियमावली अनुसार ने.वि.प्रा.का सहायक कम्पनीहरुमा अधिकृत स्तरका कर्मचारीहरु मात्र जान पाउने ब्यबस्था रहेकोमा विनियमावली संसोधन गरी सहायक स्तरका कर्मचारीहरुलाई पनि सहायक कम्पनीहरुमा सरुवा हुन पाउने व्यवस्था यथासिघ्र गरियोस । | नेपाल विद्युत प्राधिकरणका सहायक कम्पनीहरुमा आवश्यकता अनुसार सहायकस्तरका कर्मचारीहरु पठाउन सकिने व्यवस्था कर्मचारी सेवा शर्त विनियमावली, २०७५ मा समावेश भै सकेको छ । |
| ५२. | विद्युत पोलमा प्रयोग भएका विज्ञापन तथा अन्य तारहरुको भाडा रकम प्रभावकारी ढंगले असुली गरियोस । | विद्युत पोलमा प्रयोग भएका विज्ञापन तथा अन्य तारहरुको भाडा रकम प्रभावकारी ढंगले असुली गर्ने व्यवस्थाको लागि हाल भएको विद्यमान व्यवस्थालाई समयानुकुल परिवर्तन गरि लागु गर्ने । |
| ५३. | सामान खरिदमा हुने अनियमितता रोक्न आवश्यक सामाग्रीहरुको दर-रेट निर्धारण गरी एक रुपता कायम गरियोस । | माग नं. ४ सँग मर्ज भएको । |
| ६८. | प्राधिकरण गठन हुनु पूर्व विभिन्न निकायहरुबाट स्थायी नियुक्ति प्राप्त गरी प्राधिकरणमा समायोजन भएका कर्मचारीहरुको सबै स्थायी सेवा अवधी र म्यादीबाट स्थायी भएका कर्मचारीहरुको विगतमा म्यादी कर्मचारीको रुपमा काम गरेको सेवा अवधीलाई गणना गरी उनीहरुको बृत्ति विकास र सेवा सुविधा प्रदान गर्ने व्यबस्था गरियोस । | प्राधिकरण गठन हुनु पूर्व विभिन्न निकायहरुबाट स्थायी नियुक्ति प्राप्त गरी प्राधिकरणमा समायोजन भएका कर्मचारीहरुको सबै स्थायी सेवा अवधि र म्यादीबाट स्थायी भएका कर्मचारीहरुको विगतमा म्यादी कर्मचारीको रुपमा काम गरेको सेवा अवधीलाई गणना गरी उनीहरुको बृत्ति विकास र सेवा सुविधा प्रदान गर्ने व्यबस्था कायम गर्ने सम्वन्धमा अध्ययन गरी राय सिफारिस गर्न अध्ययन समिति गठन गर्ने । |
| ७७. | बालाजुको गेष्ट हाउसलाई सुधार र विस्तार गर्दै महिला कर्मचारीहरु समेत बस्न सक्ने गरी स्तरोन्नती गरियोस साथै सबै प्रदेशहरुमा आधुनिक सुविधा सम्पन्न अतिथि गृहको स्थापना गरियोस । | बालाजुको गेष्ट हाउसलाई सुधार र विस्तार गर्दै महिला कर्मचारीहरु समेत बस्न सक्ने गरी स्तरोन्नती गर्न आवश्यक बजेट व्यवस्था गरी आधिकारिक ट्रेड युनियन समेतको सक्रियतामा आवश्यक सुधार गर्न र ने.वि.प्रा.का प्रादेशीक कार्यालयहरुमा समेत क्रमशः अतिथि गृहको स्थापना गर्न सिफारिस गर्ने । |
| ८४. | निकट भविष्यमा विभिन्न आयोजनाबाट विद्युत उत्पादन भएसंगै हुन जाने Spill Energy लाई मध्यनजर गरी सम्पूर्ण कर्मचारीहरुको सहभागीता हुने गरी विद्युत उर्जा खपत बढाउन विद्युतीय सवारी र इन्डक्सन चुल्हो उत्पादन तथा वितरणका लागि कम्पनी गठन गरियोस । | निकट भविष्यमा विभिन्न आयोजनाबाट विद्युत उत्पादन भएसंगै हुन जाने Spill Energy लाई मध्यनजर गर्दै सम्पूर्ण कर्मचारीहरुको समेत सहभागीतामा विद्युत उर्जा खपत बढाउन विद्युतीय सवारी र इन्डक्सन चुल्हो उत्पादन तथा वितरणका लागि कम्पनी स्थापना गर्ने सम्वन्धमा सम्भाव्यता अध्ययन गर्न एक समिति गठन गर्ने । |

| सि.नं. | ट्रेड युनियनबाट प्रस्तुत मागहरु | व्यवस्थापन र आधिकारिक ट्रेड युनियन विच भएको सहमती |
|---|---|---|
| ८५. | नेपाल विद्युत प्राधिकरण्का कर्मचारीहरुको लागि Smart City को रुपमा विद्युत कर्मचारी आवास निर्माण गरियोस । | नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरुको लागि Smart City को रुपमा विद्युत कर्मचारी आवास निर्माण कार्यको लागि ने.वि.प्रा.को तर्फबाट के कस्तो सहयोग उपलब्ध हुन सक्ने हो अध्ययन गर्न एक समिति गठनका गर्ने । |
| ८६. | ने.वि.प्रा. मा क्रियाशिल सबै ट्रेड युनियनहरुको सहमतिमा तयार गरिएको ट्रेड युनियन संचालन कार्यबिधि यथाशिघ्र लागु गरियोस । | ने.वि.प्रा.मा क्रियाशिल सबै ट्रेड युनियनहरुको सहमतिमा तयार गरिएको ट्रेड युनियन संचालन कार्यबिधि अध्ययन गरी आवश्यक परिमार्जन गर्न र परिमार्जन पश्चात लागु गर्न सिफारिस गर्ने । |

७।१८